नीलकण्ठ नगरपालिका छैटौ नगरसभामा उप-प्रमुख मनराज भण्डारीबाट प्रस्तुत आ. व. २०७६/०७७ को संसोधित वजेट तथा कार्यक्रम

मिति २०७६/११/१६ शुक्रवार

श्री नगरसभाका अध्यक्षज्यु एवंम् नगरपमुखज्यु,

नगरसभाका सदस्यहरुज्यु,

पमुख प्रशासकीय अधिकृतज्यू एवं कर्मचारी मित्रहरु

आज हामीहरु नीलकण्ठ नगरपालिकाको छैटौ नगरसभामा उपस्थित भएका छौं । आजको यस गरिमामय सभामा उपस्थित सवैलाई हार्दिक स्वागत गर्दछु ।

आजको नगरसभाका एजेण्डाहरु निम्न अनुसार रहेका छनः,

१) चालु आ.व.२०७६/२०७७ को संशोधित वजेट तथा कार्यक्रमहरु,

२) प्रगति विवरण,

चालु आ.व.०७६/०७७ को लागि यस नीलकण्ठ नगरपालिकाको पाँचौ नगरसभावाट स्वीकृत वजेट तथा कार्यक्रमको विषयमा हामी सवैलाई विदितै छ । उक्त स्वीकृत वजेट तथा कार्यक्रममा विभिन्न निकायबाट केही थप वजेट प्राप्त हुन आएको र थप वजेटवाट विभिन्न कार्यक्रमहरुमा विनियोजन भएका योजना/कार्यक्रमहरु समावेश हुन जाँदा र क्षेत्रगत रुपमा विनियोजित विभिन्न कार्यक्रमहरुमा विनियोजन वजेट घटी वढी हुन गएको हुँदा सो को संशोधित विवरण सभामा प्रस्तुत गर्दै अनुमोदनका लागि प्रस्तुत गरेको छु । पाँचौ नगरसभावाट विनियोजित वजेट चालुतर्फ रु ७६,११,४६,०००।- र पुँजिगत तर्फ रु ३१,९९,५४,०००।- गरी कुल जम्मा रु १,०८,११,००,०००।- को वजेट अनुमान गरी सो अनुसार विनियोजन भएकोमा अ.ल्या. भै वचत हुन आएको रकम, प्रधानमन्त्री रोजगार कार्यक्रम, स्थानीय पूर्वाधार विकास कार्यक्रम, समपुरक तथा विषेश अनुदान समाज कल्याण कार्यक्रम राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग , भुमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयबाट प्राप्त रकम एवं सशर्त अनुदानतर्फ थप प्राप्त अख्तियारी वमोजिम पुँजिगत तथा चालू शिर्षकमा केही रकम थप हुन गएकाले चालु आ.व.०७६/०७७ का लागि देहाय बमोजिम वजेट / कार्यक्रम संशोधन हुन गएको व्यहोरा प्रस्तुत गर्दछु ।

संशोधित वजेट

पूर्व स्वीकृत बजेट रकम रु हजारमा		संसोधित बजेट रु हजारमा	
चालु	७६,११,४६।-	चालु	८०,२४,९१।-
पुँजिगत	३१,९९,५४।-	पुँजिगत	३८,०७,२४।-
कुल जम्मा	१,०८,११,००,।-	कुल जम्मा	१,१८,३२,१५।-
उपरोक्त अनुसार हुँदा चालु आ.व.को वजेट रु १०,२१,१५,०००।-ले वृद्धि हुन जाने भएको छ ।			

बजेट ब्यहोरिने संसोधित श्रोत अनुमान यस प्रकार छ ।

शीर्षक	आर्थिक वर्ष २०७६/७७ को संसोधित आय अनुमान रु हजारमा
आन्तरिक आय	
आन्तरिक श्रोत/गत वर्षको मौज्दात पहिलानै बजेटमा परेको	१३४७४१
राजस्व बाँडफाँडबाट प्राप्त रकम	१८१०७५
गत वर्षको मौज्दात बचत रकम	२२५९२
अन्तर सरकारी वित्तीय हस्तान्तरण	
संघीय सरकार -वित्तीय समानिकरण अनुदान	२३७२००
संघीय सरकार - सशर्त अनुदान	३१७६३६
प्रदेश सरकार -वित्तीय समानिकरण अनुदान	१०८४२
प्रदेश सरकार -सशर्त अनुदान	१२८९२
संघीय सरकार - सामाजिक सुरक्षा सशर्त अनुदान	१७५६६८
संघीय सरकार - प्रधानमन्त्री रोजगार कार्यक्रम- सशर्त अनुदान	३१९४
संघीय सरकार – समपुरक तथा विशेष अनुदान	१४०००
संघीय सरकार - स्थानीय पुर्वाधार बिकास कार्यक्रम- सशर्त अनुदान	१३०००
संघीय सरकार - कोइका- सर्भिस फर पिस	३००००
संघीय सरकार - सडक बोर्ड- सशर्त अनुदान	५०००
समाज कल्याण कार्यक्रम	१००
राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग	१५१३
भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय	४२०२
प्रदेश सरकार - स्थानीय पुर्वाधार बिकास कार्यक्रम १- सशर्त अनुदान	१४५३०
प्रदेश सरकार - स्थानीय पुर्वाधार बिकास कार्यक्रम २- सशर्त अनुदान	२०३०
पर्यटन बोर्ड	३०००
जम्मा आय अनुमान	११८३२१५

संशोधित बजेट अनुसार क्षेत्रगत रुपमा हुन जाने घटवढ देहायअनुसार हुनेछ ।

क्षेत्र	पुर्व स्वीकृत वजेट रु हजारमा	संशोधित वजेट रु हजारमा
आर्थिक विकास	२३११२	२९११२
सामाजिक विकास	५०४०८४	५०८४९३
पूर्वाधार विकास	३१४१९६	४४५९५६
वातावरण तथा विपद व्यवस्थापन	१३०००	१६०००
संस्थागत विकास तथा सेवा प्रवाह	५१००	६५५०
वित्तिय व्यवस्थापन र सुशासन	२२००	२२००
कार्यालय सञ्चालन तथा प्रशासनिक	२१३६५०	१६९१४६
स्थिर सम्पत्ती प्राप्ति	५७५८	५७५८
जम्मा	१०८११००	११८३२१५

थप र परिर्वतन हुन गएका योजना र कार्यक्रमहरु क्षेत्रगत रुपमा क्रियाकलापका विवरण यसै साथ छुट्टै समावेश गरेको छु ।

अब म हालसम्मको प्रगति पेश गर्दछु ।

गत आ.व. २०७५/७६ को वजेट तथा खर्च विवरण यस प्रकार रहेको छ ।

वजेट		खर्च	खर्च प्रतिशत
चालु	६६,२१,०२,०००।-	५२,००,३०,२२९.४४	७८.८६
पुंजिगत	३३,१८,९८,०००।-	२५,३३,८४,३९५.५६	७६.३५
कुलजम्मा	९९,४०,००,०००।-	७७,३४,१४,६२४	७७.८१

चालु आ.व. २०७६।०७७ को हाल सम्मको आन्तरिक आय तथा राजश्व बाँडफाँडको प्रगति यस प्रकार रहेको छ ।

विवरण	०७६ /७७ को कूल अनुमानित आय (रु हजारमा)	हालसम्मको यथार्थ आम्दानी (रु हजारमा)	प्रगति (%)
आन्तरिक आय	35000	14851	42.43
राजश्व बाँडफाँड	181075	57751	31.89
कूल जम्मा	**216075**	**72602**	

चालु आ.व. २०७६/७७ को संशोधन पूर्वको वजेट तथा हाल सम्मको खर्च प्रगति विवरण यस प्रकार छ ।

वजेट		खर्च		खर्च प्रतिशत
चालु	७६,११,४६,०००।-	चालु	२३६८१६३९०	३१.११
पुंजिगत	३१,९९,५४,०००।-	पुंजिगत	६३७०३४९६	१९.९१
कुलजम्मा	१,०८,११,००,०००।-	**कुलजम्मा**	३००५१९८८६	२९.२३

अन्तमा सहकार्य र सहयोग को लागि धन्यवाद ।